कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति
कालीमाटी, काठमाण्डौ ।

# "बजार अनुगमन कार्यविधी, २०७६"

प्रस्तावना: कालीमाटी फलफूल तथा तरकारी वजार विकास समितिका स्टलहरुको सञ्चालन तथा व्यवस्थापनलाई चुस्त दुरुस्त, समयसापेक्ष एवं प्रभावकारी एवं समिति अन्तर्गत सञ्चालित फलफूल तथा तरकारी वजारहरुको विकास तथा प्रबर्द्धन गर्दै कृषि व्यवसायी तथा कृषि वस्तुहरुको कारोवारलाई मर्यादित र व्यवस्थित गर्न वान्छनिय भएकोले,

कालीमाटी फलफूल तथा तरकारी वजार विकास तथा सञ्चालन नियमावली, २०६० को नियम ३२ ले दिएको अधिकार प्रयोग गरी समितिले यो कार्यविधी बनाएको छ ।

परिच्छेद-१
**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधीको नाम "बजार अनुगमन कार्यविधी, २०७६" रहेको छ।
(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्कोअर्थ नलागेमा यस कार्यविधीमा:-
(क) "कृषिवस्तु" भन्नाले कृषि क्षेत्रवाट उत्पादित फलफूल, तरकारी मसला जन्य सामग्री तथा माछा जस्ता ताजा वा नाशवान बस्तुसम्झनु पर्छ ।
(ख) "समिति" भन्नाले कालीमाटी फलफूल तथा तरकारी वजार विकास समिति सम्झनु पर्छ । यस शव्दले समितिको कार्यालयलाई समेत जनाउँछ ।
(ग) "वजार" भन्नाले कृषि वस्तु र तोकिए वमोजिमका अन्य कृषि वस्तुको कारोवार गर्ने स्थान सम्झनु पर्दछ ।
(घ) "बजार क्षेत्र" भन्नाले कृषि वस्तुको खरीद, विक्री, भण्डारण आदिका लागि समितिले तोकेको क्षेत्र सम्झनु पर्छ ।
(ङ) "कारोवार" भन्नाले वजार क्षेत्र भित्र कृषि वस्तु अन्य कृषि वस्तुको खरीद, विक्री, भण्डारण, नापतौल, ढुवानी र यी कुराहरु सँग सम्वन्धित क्रियाकलाप सम्झनु पर्दछ ।
(च) "व्यवसायी" भन्नाले समितिबाट इजाजत पत्र प्राप्त व्यवसायी सम्झनु पर्छ ।
(छ) "तोकिए" वा "तोकिए वमोजिम" भन्नाले समितिले तोकेको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।
(ज) "स्टल" भन्नाले कृषि वस्तुको कारोवार गर्नको लागि समितिद्वारा निर्माण गरिएको स्टल सम्झनु पर्छ ।
(झ) "नियमावली" भन्नाले कालीमाटी फलफूल तथा तरकारी वजार विकास तथा संचालन नियमावली, २०६० सम्झनु पर्दछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

(ञ) "गोदाम" भन्नाले समितिले कृषि वस्तु र संरक्षित संकलनका लागि उपलब्ध गराइने कोठा वा स्थान सम्झनु पर्दछ ।

(ट) "साझा सहकारी संघ-संस्था र समूह" भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएका साझा, सहकारी संघ, संस्था र समूह सम्झनु पर्दछ र सो शव्दले कृषि सहकारी तथा कृषक समूहलाई समेत जनाउछ ।

(ठ) "कृषक प्रतिनिधि" भन्नाले समितिको गठन आदेश वमोजिम समितिमा इजाजत पत्र व्यवसायीको कृषकको तर्फवाट प्रतिनिधित्व गर्ने समिति सदस्य सम्झनु पर्दछ ।

(ड) "व्यवसायी प्रतिनिधि" भन्नाले समितिको गठन आदेश वमोजिम "समिति" मा व्यवसायीको तर्फवाट प्रतिनिधित्व गर्ने समिति सदस्य सम्झनु पर्दछ ।

(ढ) "अनुगमन टोली" भन्नाले समितिले गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ ।

(ण) "परिवार" भन्नाले समितिका इजाजत प्राप्त व्यक्तिसँग सँगै वस्ने तथा निज आफैंले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, वावु, आमा वा सौतनी आमा, सगोलको दाजुभाइ तथा अविवाहित दिदी बहिनी सम्झनु पर्दछ र सो शव्दले पुरुष इजाजत प्राप्त व्यवसायीको हकमा निजको बाजे, वज्यै तथा महिला इजाजत प्राप्त व्यवसायीको हकमा निजको सासु, ससुरालाई समेत जनाउनेछ ।

## परिच्छेद -२
## बजार अनुगमन सम्वन्धी व्यवस्था

३. <u>व्यवसायीको आचरणः</u> समितिको बजार परिसर भित्र हुने कृषि वस्तुहरुको कारोवारलाई मर्यादित, उपभोक्ता मैत्री तथा कृषक मैत्री बनाउन देहाय बमोजिमको आचरण पालना गर्नु पर्नेछः-

(क) व्यवसायीले अनुशासनमा रही समितिले तोकिदिएको निर्देशन इमान्दारी र तत्परताका साथ पालना गर्नु पर्नेछ ।

(ख) अनुगमनमा खटिने कर्मचारीहरु प्रति उचित व्यवहार गर्नु पर्नेछ ।

(ग) व्यवसायीले समितिको कामकाजमा आँच आउने, समितिको आन्तरिक सुरक्षा र वैमनस्य उत्पन्न गराउने वा दुर्भावना फैलाउने गरी वा कुनै अपराधलाई प्रश्रय हुने गरी प्रदर्शन गर्न, कारोवार वन्द गर्न वा सो कार्य गर्ने उद्धेश्यले अरुलाई उक्साउन हुँदैन ।

(घ) समितिसँग स्टल/पसल सम्झौता गरी लिने व्यवसायीले कारोवार छोडी जाँदा वा स्टल पसल रद्ध गरिएको आवस्थामा समितिलाई वरवुझारथ गर्नु पर्नेछ साथै समितिलाई तिर्न वुझाउनु पर्ने वाँकी रकम भुक्तानी गर्नु पर्ने र नेपाल सरकारलाई वुझाउनु पर्ने कर फरफारक गरेको हुनु पर्नेछ ।

(ङ) समितिसँग स्टल/पसल सम्झौता गरी लिने व्यवसायीहरुले समितिसँग गरेको सम्झौताका शर्तहरु र समितिका नियमावलीहरुमा भएको व्यवस्थाको पूर्ण पालना गर्नु पर्नेछ ।

(च) व्यावसायी, आपूर्तिकर्ताहरुले आफुले खरीद विक्री गर्दा विल विजक जारी गर्नु पर्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

(छ) व्यावसायी तथा आपूर्तिकर्ताहरुले सामान लिई वजार भित्र प्रवेश गराउँदा समितिको इन्ट्री पोष्टमा अनुसूचि-१ बमोजिमको फाराम भरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४. <u>व्यवसायीको परिचय-पत्र तथा सहायक सम्वन्धी व्यवस्था:</u> स्टलहरुको अनाधिकृत प्रयोग वा पुन भाडामा लगाउन निरुत्साहित गर्न समितिले निम्नानुसारको व्यवस्था गर्ने छ ।

(१) इजाजतपत्र प्राप्त व्यवसायी/सहायक कर्मचारी/परिवारका सदस्यले समितिले उपलब्ध गराएको फोटो सहितको परिचय-पत्र लगाई व्यवसाय गर्नु पर्नेछ ।

(२) कारोवारको आधारमा ईजाजत प्राप्त व्यवसायीले बढिमा १ जना सहायक कर्मचारी राख्न पाउने छ ।

(३) वजारमा भरीया मजदुरहरुले परिचय-पत्र लिनु पर्ने छ ।

(४) परिचय-पत्र विहिन अनधिकृत व्यक्तिहरु बिक्री वितरणमा संलग्न देखिएमा स्वत भाडामा लगाएको मानिने छ ।

५. <u>व्यवसायिहरुले मूल्यसूचि राख्ने सम्वन्धी व्यवस्था:</u> (१) समितिको बजार परिसर भित्र हुने कृषि वस्तुहरुको कारोवारलाई पारदर्शी तथा उपभोक्ता/कृषक मैत्री बनाउन समितिले तोकेको ढाँचामा व्यावसायीहरुले आफ्नो पसल/स्टलमा मूल्यसूचिको व्यवस्था गर्नु पर्नेछ । साथै यस्तो मूल्यसूचि मूल्यमा अन्तर आउनासाथ अध्यावधिक गर्नु पर्नेछ ।

(२) समितिको वजार क्षेत्रमा मूल्य सूचना वोर्ड राखिने छ जसमा उपलव्ध कृषि उपजहरुको अधिकतम र न्यूनतम थोकमूल्य विहान ४ वजे देखि ७:३० वजेसम्मको मूल्यलाई आधार मानी सम्प्रेषित गरिनेछ। खुद्रा कारोवारको समेत खुद्रा मूल्य सूची सम्प्रेषत गरीने छ ।

६. <u>बजार अनुगमन टोली गठन:</u> (१) समितिको बजार परिसर भित्र कृषि वस्तुहरुको कारोवारलाई व्यवस्थित, मर्यादित, प्रतिस्पर्धि, पारदर्शी, गुणस्तरयूक्त, नापतौलमा एकरुपता, विलविजकको प्रयोग, स्टलको अनाधिकृत प्रयोग वा पुन भाडामा लगाउन निरुत्साहित गर्न नियमित एवं आकस्मिक अनुगमनको लागि समितिले बजार अनुगमन टोली गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने अनुगमन टोलीमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्:-

| | |
|---|---|
| (क) समितिको सहायक कार्यकारी निर्देशक | संयोजक |
| (ख) कृषि तथा पशुपन्छी विकास मन्त्रालयको अधिकृत प्रतिनिधि | सदस्य |
| (ग) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि | सदस्य |
| (घ) समितिले तोकेको समिति सदस्य | सदस्य |
| (ङ) समितिको वरिष्ठ बजार संचालक अधिकृत | सदस्य सचिव |

(३) अनुगमन टोलीमा संयोजक र सदस्य सचिव सहित कम्तीमा ३ (तीन) जना प्रतिनिधि संलग्न भइ बजार अनुगमन सम्वन्धी कार्य गर्न सक्नेछन् ।

(४) समितिको बजार संचालन शाखाले मासिक रुपमा तोकिएको ढाँचामा बजार अनुगमनको प्रतिवेदन कार्यालयमा पेश गर्नुपनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(छ) व्यावसायी तथा आपूर्तिकर्ताहरुले सामान लिई वजार भित्र प्रवेश गराउँदा समितिको इन्ट्री पोष्टमा अनुसूचि-१ बमोजिमको फाराम भरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४. <u>व्यवसायीको परिचय-पत्र तथा सहायक सम्वन्धी व्यवस्था:</u> स्टलहरुको अनाधिकृत प्रयोग वा पुन भाडामा लगाउन निरुत्साहित गर्न समितिले निम्नानुसारको व्यवस्था गर्ने छ ।

(१) इजाजतपत्र प्राप्त व्यवसायी/सहायक कर्मचारी/परिवारका सदस्यले समितिले उपलब्ध गराएको फोटो सहितको परिचय-पत्र लगाई व्यवसाय गर्नु पर्नेछ ।

(२) कारोवारको आधारमा ईजाजत प्राप्त व्यवसायीले बढिमा १ जना सहायक कर्मचारी राख्न पाउने छ ।

(३) वजारमा भरीया मजदुरहरुले परिचय-पत्र लिनु पर्ने छ ।

(४) परिचय-पत्र विहिन अनधिकृत व्यक्तिहरु बिक्री वितरणमा संलग्न देखिएमा स्वत भाडामा लगाएको मानिने छ ।

५. <u>व्यवसायिहरुले मूल्यसूचि राख्ने सम्वन्धी व्यवस्था:</u> (१) समितिको बजार परिसर भित्र हुने कृषि वस्तुहरुको कारोवारलाई पारदर्शी तथा उपभोक्ता/कृषक मैत्री बनाउन समितिले तोकेको ढाँचामा व्यावसायीहरुले आफ्नो पसल/स्टलमा मूल्यसूचिको व्यवस्था गर्नु पर्नेछ । साथै यस्तो मूल्यसूचि मूल्यमा अन्तर आउनासाथ अध्यावधिक गर्नु पर्नेछ ।

(२) समितिको वजार क्षेत्रमा मूल्य सूचना वोर्ड राखिने छ जसमा उपलव्ध कृषि उपजहरुको अधिकतम र न्यूनतम थोकमूल्य विहान ४ वजे देखि ७:३० वजेसम्मको मूल्यलाई आधार मानी सम्प्रेषित गरिनेछ। खुद्रा कारोवारको समेत खुद्रा मूल्य सूची सम्प्रेषत गरीने छ ।

६. <u>बजार अनुगमन टोली गठन:</u> (१) समितिको बजार परिसर भित्र कृषि वस्तुहरुको कारोवारलाई व्यवस्थित, मर्यादित, प्रतिस्पर्धि, पारदर्शी, गुणस्तरयूक्त, नापतौलमा एकरुपता, विलविजकको प्रयोग, स्टलको अनाधिकृत प्रयोग वा पुन भाडामा लगाउन निरुत्साहित गर्न नियमित एवं आकस्मिक अनुगमनको लागि समितिले बजार अनुगमन टोली गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने अनुगमन टोलीमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्:-

| | |
|---|---|
| (क) समितिको सहायक कार्यकारी निर्देशक | संयोजक |
| (ख) कृषि तथा पशुपन्छी विकास मन्त्रालयको अधिकृत प्रतिनिधि | सदस्य |
| (ग) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि | सदस्य |
| (घ) समितिले तोकेको समिति सदस्य | सदस्य |
| (ङ) समितिको वरिष्ठ बजार संचालक अधिकृत | सदस्य सचिव |

(३) अनुगमन टोलीमा संयोजक र सदस्य सचिव सहित कम्तीमा ३ (तीन) जना प्रतिनिधि संलग्न भइ बजार अनुगमन सम्वन्धी कार्य गर्न सक्नेछन् ।

(४) समितिको बजार संचालन शाखाले मासिक रुपमा तोकिएको ढाँचामा बजार अनुगमनको प्रतिवेदन कार्यालयमा पेश गर्नुपनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

७. <u>बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार:</u> (१) दफा ६ को उपदफा (१) बमोजिम गठित बजार अनुगमन टोलीले देहाय अनुसारका कार्यहरु गर्नुपर्नेछ ।

(क) बजार अनुगमनको पूर्व कार्ययोजना र मासिक कार्यतालीका बनाई स्विकृतिको लागि समितिमा पेशगर्ने,

(ख) स्वीकृत कार्ययोजना बमोजिम नियमित रुपमा बजार अनुगमन गर्ने र आवस्यकता बमोजिम आकस्मिक अनुगमन गर्ने ।

(ग) व्यवसायीले नियामक निकायबाट कानुन बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाण-पत्र लगायतका आवश्यक कागजातहरु लिएको छ/छैन हेर्ने । साथै प्रमाणपत्र नियमिति रुपमा नविकरण भए/नभएको हेर्ने । प्रमाणपत्र नलिएको वा नविकरण गरेको नदेखिएमा बढीमा ७ दिन भित्र सो कार्य गरी कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने ।

(घ) व्यावसायिले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ/छैन हेर्ने ।नराखेको भए ३ दिनभित्रमा राखि कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने ।

(ङ) समितिसंग इजाजत लिई कारोवारमा संलग्न व्यावसायिहरुले सम्झौताका शर्तहरु र नियमावलीमा भएका व्यवस्थाहरु पूर्णरुपले परिपालन गरे नगरेको अनुगमन गर्ने ।

(च) व्यावसायीहरुले सामानको खरिद/विक्रि गर्दा विल विजक जारी गरेको छ छैन अनुगमन गर्ने । नराखेको भए ३ दिन भित्रमा राखि कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने ।

(छ) व्यावसायीले आ आफ्नो पसल/स्टलमा मूल्य सूचि राखेको छ छैन अनुगमन गर्ने । नराखेको भए ३ दिन भित्रमा राखि कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने ।

(ज) कृषि वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक छ/छैन हेर्ने, सो नभएमा ३ दिन भित्रमा सुधार गर्न लिखित निर्देशन दिने ।

(झ) व्यावसायी वा कृषि वस्तु आपूर्तिकर्ताले निर्धारित स्थानमा सामान राखी कारोवार गरेको छ छैन अनुगमन गर्ने ।

(ञ) व्यावसायी वा कृषि वस्तु आपूर्तिकर्ताले अनुसूचि-१ बमोजिमको फाराम भरी इन्ट्री पोष्टमा पेश गरे नगरेको अनुगमन गर्ने ।

(ट) समितिले निर्णय गरी लागु गरेका सर्त तथा नीति नियमहरुको पूर्ण पालना भए नभएको अनुगमन गर्ने । समितिसँग भएको सम्झौता, समितिको नियमावली र निर्णयहरुको उलंघन व्यवस्थापनवाट दिईएको निर्देशनहरुको पालन भएको नपाईएमा तत्काल परिपालनाको लागी निर्देशन दिने, सचेत गराउने र सो गर्दा समेत अटेर गरेमा तत्काल जरिवाना गर्ने र पसल/स्टल खरेजीको सिफारिस गर्ने ।

(ठ) अनुगमन टोलीमा खटिएका कर्मचारीहरुलाई सहयोग गर्नु सम्वन्धित सबैको कर्तव्य रहने छ । यदि कोही कसैबाट अमर्यादित, अभद्र व्यवहार वा हुल हुज्जतमा उत्रेमा कानुन बमोजिम कारवाहीको लागि कार्यकारी निर्देशक समक्ष सिफारिस गर्ने ।

(ड) समितिबाट समय-समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने

(ढ) बजार अनुगमन प्रतिवेदन सोहि दिन बजार सञ्चालन शाखामा पेश गर्न पर्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

(ण) अनुगमन कार्यलाई प्रभावकारी, पारदर्शी एवं निष्पक्ष वनाउन अनुगमन टोलीले आवश्यकता अनुसार वोर्ड सदस्य, सुरक्षा निकाय वा अन्य सम्वन्धित सरकारी निकायको समेत सहयोग लिन सक्नेछ ।

(त) अनुगमन टोलीले अनुगमन प्रतिवेदन आवश्यक कारवाहीको लागि कार्यालयमा पेश गर्नु पर्नेछ । कार्यालयले कारवाही गरिएको एक प्रति सम्वन्धित व्यावसायीको फाइलमा रेकर्डको लागि राखिने छ ।

(थ) अनुगमन कार्यको समिक्षा गरी अझ प्रभावकारी वनाउन कार्यकारी निर्देशकको संयोजकत्वमा अनुगमनमा संलग्न कर्मचारीहरुको बैठक बसी समस्या समाधान गर्न पहल गरिनेछ ।

२. बजार अनुगमन गर्न बजार संचालन शाखालाई लिखित कार्य विवरण तोक्नु पर्नेछ । सोही आधारमा बजार अनुगमन टोलीले बजार अनुगमन सम्बन्धी कार्य गर्नेछ ।

३. अनुगमन टोलीले अनुगमन गर्दा समितिले तोकिदिएको भत्ता उपलव्ध गराईनेछ ।

तर यसरी तोक्दा महिनामा दुई पटक भन्दा वढि नहुने गरी तोक्नु पर्नेछ ।

८. <u>आकस्मिक निरीक्षण/अनुगमन गर्न सक्ने:</u> (१) कसैले अनुचित व्यापारिक वा व्यवसायजन्य क्रियाकलाप गरिरहेको, बजारमा एकाधिकार कायम गरी वा अन्य कुनै तरिकावाट कृषि जन्य वस्तु वा सेवाको मूल्य वा आपूर्ति व्यवस्थालाई प्रभावित पार्ने काम गरिरहेको वा समितिसँग गरेको सम्झौता, समितिको नियमावली तथा निर्णयहरु विपरितका काम, कारवाही गरिरहेको छ भन्ने लागेमा वा त्यस्ता कुराका सम्वन्धमा कुनै संचार माध्यम वा कुनै उजूर मार्फत वा कुनै निगरानी गर्ने निकाय मार्फत सूचना आएमा समितिले तत्काल अनुगमन तथा जाँचवुझ गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा समितिले छुट्टै अनुगमन तथा जाँचवुझ टोली गठन गर्न वा यसै निर्देशिका वमोजिम गठन भएको अनुगमन टोली वा निरिक्षण अधिकृतलाई तोक्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको टोली वा निरीक्षण अधिकृतले अनुगमन वा जाँचवुझ गर्दा कुनै तरिकावाट कृषि जन्य वस्तु वा सेवाको मूल्य वा आपूर्ति व्यवस्थालाई प्रभावित पार्ने काम गरिरहेको वा समितिसँग गरेको सम्झौता, समितिको नियमावली तथा निर्णयहरु विपरीतका काम गरी गरिरहेको पाइएमा तत्काल त्यस्तो कार्य गर्न रोक लगाइने छ यदि रोक लगाउँदा पनि अटेर गरेमा तत्काल जरिवाना सहित सचेत गराउने छ र नियमावलीमा भएको व्यवस्था बमोजिम पसल/स्टल खारेजको सिफारिस गर्नेछ ।

९. <u>निरीक्षण अधिकृत तोक्ने:</u> (१) समितिको बजार परिसर भित्र कृषि वस्तुहरुको कारोवारलाई व्यवस्थित, मर्यादित, प्रतिस्पर्धि, गुणस्तरयूक्त, नापतौलमा एकरुपता, मूल्यमा पारदर्शिता, विलविजकको प्रयोग, स्टलको

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

अनाधिकृत प्रयोग वा पुनः भाडामा लगाउन निरुत्साहित गर्न नियमित एवं आकस्मिक अनुगमनको लागि समितिले बजार निरीक्षण अधिकृत तोक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निरीक्षण अधिकृत तोक्दा समितिको बजार संचालन शाखाको प्रमुख वा वा सो भन्दा माथिल्लो तहको अधिकृत कर्मचारीलाई तोक्नु पर्नेछ ।

१०. <u>निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार:</u> (१) दफा ९ को उपदफा (१) बमोजिमको निरीक्षण अधिकृतले समितिको मौजुदा नियमावली, समितिसँगको सम्झौता तथा निर्णय/निर्देशन विपरित कार्यहरु जस्तै मिसावट गर्ने, कम नापतौल गर्ने, बालश्रम प्रयोग गर्ने, सडेगलेको अखाद्य वस्तु वेचविखन गर्ने, जथाभावी फोहर फयाँक्ने, रगं लगाएको वस्तु बेचविखन गर्ने, सडक पेटिमा जथाभावी सामान राख्ने/तोकिएको स्थान भन्दा वाहिर सामान राख्ने, मूल्य सूचि नराख्ने, खरीद/विक्रिको विल विजक नराख्ने, प्रवेशद्वारमा विवरण नवुझाउने, इजाजत नभएका कुषि वस्तु आपूर्ति गर्ने व्यवसायीहरुलाई सचेत गराउने, जरीवाना गर्ने वा यस्तो कार्य तीन पटकसम्म पनि दोहो-याएमा बजार प्रवेशमा रोक लगाउन वा ईजाजत खारेजी तर्फ कारवाहि अगाडि वढाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण अधिकृतले गरेको काम कारवाही समवन्धी प्रतिवेदन ७ (सात) दिन भित्र कार्यकारी निर्देशक समक्ष पेश गर्नु पर्नेछ । यसरी गरिएको सूचक अनुसारको अनुगमन विवरणलाई मासिक रुपमा अनुसूचि-३ बमोजिमको ढाँचामा कम्पाइलेशन गरी कार्यकारी निर्देशक समक्ष पेन गर्नु पर्नेछ ।

(३) निरीक्षण अधिकृतले अनुगमन वा निरीक्षणको सिलसिलामा व्यवसायी, आपूर्तिकर्ता, ढुवानीकर्ता वा भरिया मजदुर वा अन्य बजार प्रयोगकर्तालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा त्यस्तो आदेश दिन वा उपयुक्त सम्झेको अन्य कार्य गर्न सक्नेछ । निरिक्षण अधिकृतले गरेको त्यस्तो आदेशको अटेर गरी परिपालना नगरेमा निरिक्षण अधिकृतले त्यस्तो कार्यको नियन्त्रण गर्न, नियमानुसार जरिवाना गर्न, बजार परिसरमा रोक लगाउन समेत सक्नेछ ।

(४) निरीक्षण अधिकृतले अनुगमन वा निरिक्षणको सिलसिलामा गुणस्तरहिन वा विषादी देखिएको कृषि वस्तु भेटिएमा तत्काल नियन्त्रणमा लिई नष्ट गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको तोकिएको निरीक्षण अधिकृतले अनुगमन तथा कारवाही गर्दा अनुगमन टोलीलाई दिईएको अधिकार समेत प्रयोग गर्न सक्नेछ ।

११. <u>गुनासो/उजुरी सम्वन्धी व्यवस्था:</u> (१) कुनैपनि व्यक्तिले समितिको नियमावली, निर्देशिका, सम्झौता तथा समितिका निर्णयहरु विपरित व्यापारिक तथा अन्य कृयाकलापहरु गरेको भनि बजार निरीक्षण अधिकृत, अनुगमन टोली, कार्यकारी निर्देशक वा समितिमा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरी वा सार्वजनिक संचार माध्यामवाट प्राप्त सूचनालाई समेत उजुरीको रुपमा ग्रहण गरीनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) कृषकहरुले सामानको उचित रकम नपाएको, वजारकर्ता/उपभोक्ता/किसान/अन्य व्यक्तिलाई जथाभावी गाली गलौज गरेको, अनुचित व्यवहार गरेको, कारोवारमा कैफियत गरेको गुनासो अनुगमन टोली वा निरीक्षण अधिकृत समक्ष आएमा सम्वन्धित पक्ष बीच छलफल गरी दोषी ठहरिएकोलाई (आवश्यकतानुसार) प्रचलित ऐन कानून अनुसार कारवाही गर्नेछ ।

(४) उपदफा (१) वा (२) बमाजिमको उजुरी वा अन्य कुनै सरकारी निकायवाट अनुगमनको लागि लेखि आएमा सोलाई समेत उजुरीको रुपमा ग्रहण गरी बजार अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन तथा निरिक्षण गर्दा व्यावसायी वा अन्य सेवा प्रदायकले प्रचलित नियम, कानुन वा मापदण्ड विपरित व्यापारिक कृयाकलाप गरेको पाईएमा तत्काल कारवाही चलाउनु पर्नेछ ।

(६) समितिको कार्यालयमा वजार व्यवसायसँग सम्वन्धित व्यक्तिहरुको गुनासो सुन्ने अधिकारी र उजुरी पेटिकाको व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद—३
## अनुगमन सम्बन्धी प्रकृया

१२. <u>अनुगमनको पूर्व तयारी:</u> अनुगमन टोलीले अनुगमन गर्नु पूर्व देहायको तयारी गर्नु पर्नेछ:

(क) अनुगमनका लागि तोकिएका टोलीका सदस्यहरुले तोकिएको समयमा कार्यालयमा उपस्थित भई अनुगमन गर्ने, पसल/स्टलका सम्बन्धमा सम्पूर्ण इजाजत प्राप्त व्यवसायीहरुको नामावली मध्ये वाट कतीवटाको अनुगमन गर्ने हो छनौट गर्ने । अनुगमनमा जाँदा आवश्यकता अनुसार जुनसुकै पसलमा पनि अनुगमन निरिक्षण गर्न सक्नेछ ।

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित ऐन, नियमहरु, निर्देशिका विवरण र चेकलिस्ट साथै लिइ जानुपर्नेछ ।

(ग) वस्तु तथा सेवाको आपूर्ति, विक्री वितरण, मूल्य, गुणस्तर तथा समितिसंगको सम्झौताका विषयहरु, समितिका नीति निर्देशन तथा निर्णयहरु आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नुपर्नेछ ।

(घ) अनुगमनको लागि तयार गरिएको फाराम प्रयोग गरि सूचना प्राप्त गर्नु पर्नेछ ।

(ङ) कार्यविधी/नियमावली/सम्झौताका शर्तहरु विपरीत गरीएको कृयाकलापको सम्भव भएसम्म फोटो खिच्ने व्यवस्था मिलाउने ।

(च) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन, सुरक्षा आदिको पूर्व तयारी गर्नुपर्नेछ ।

१३. <u>सिफारिस:</u> कार्यविधी वा नियमावली विपरित वा कानुन विपरित कार्य भए गरेको पाइएमा समितिको अधिकार क्षेत्र भित्र रहेको अवस्थामा समितिको नियमावली अनुसार कार्यकारी निर्देशकले र समितिको

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

समितिको अधिकार भन्दा बाहिर रहेको अवस्थामा प्रचलित कानुन बमोजिम अन्य निकायमा कार्वाहीको लागि लेखि पठाईनेछ ।

(क) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा बजार परिसर भित्र विभिन्न स्थानको अनुगमन, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ । यसरी अनुगमन, जाँचबुझ वा खानतलासी गर्दा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकता अनुसार त्यस्तो व्यावसायी वा सेवा प्रदायकलाई सो कार्य गर्नमा रोक लगाउन सक्नेछ तथा त्यस्ता गतिविधिलाई नियन्त्रणमा लिई नियमानुसार कार्यवाही अगाडी बढाउनेछ ।

(ख) अनुगमन गर्दा कुनै कानूनी कारवाही गर्नुपर्ने देखिएमा अनुगमन टोलीले सम्बन्धित व्यवसायीसँग तुरून्त लिखित स्पष्टीकरण माग गर्न सक्नेछ ।

(ग) अनुगमन टोली वा निरिक्षण अधिकृत वा कार्यकरी निर्देशक वा समितिले तोकेको अधिकार प्राप्त अधिकारीले अनुगमनका क्रममा अनियमित कार्यको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, अनुसूचि-१ बमोजिमको चेकलिष्ट अनुसार भए नभएको हेर्ने र वजार संचालन नियमावली, २०६० वा समितिसँगको सम्झौता तथा निर्देशन अनुसार भए नभएको वा समितिले निर्णय गरी कार्यान्वयनमा ल्याएका नीतिहरु अनुसार भए नभएको अनुगमन गर्दा नभएको पाइएमा नियमानुसार जरिवाना वा पसल खारेजीको सिफारिस गर्न सक्नेछ ।

(घ) उपदफा (ग) बमोजिम कारवाही गर्दा पनि अटेर गरी पुनः त्यस्तो कार्य दोहोर्‍याएमा निजलाई बजार प्रवेशमा रोक लगाउन वा कार्यकारी निर्देशक मार्फत समितिमा पसल स्टल खारेजीको सिफारिस गर्न सक्नेछ ।

१४. <u>व्यवसायीले पालना गर्नु पर्ने शर्तहरुः</u> (क) समितिको वजार क्षेत्र भित्र रहेको बाटो पेटिमा अनधिकृत रुपमा कारोवार गर्ने लाई निषेध गरिने छ ।

(ख) प्रत्येक व्यवसायीको व्यवसायीक विवरण (जस्तै ईजाजत प्राप्त व्यसायीको नाम, पसल नं, सहायकको नाम, मुल्य सूची समेत समावेश गरी) समितिले तोकेको साइज र ढाँचामा स्पष्ट देखिने गरी व्यवसायी स्वयंले अनिवार्य रुपमा राख्नु पर्नेछ । यसको सुरक्षा व्यवसायी आफैंले गर्नुपर्नेछ ।

(ग) बजार परिसरमा कृषि जन्य वस्तु लिई आउने सवारी साधनहरुले अनुसूचि-४ वमोजिमको फाराम भरि सो का अतिरिक्त कृषि वस्तु चलानी गरेको चलानी पत्र समेत ईन्ट्री पोष्टमा अनिवार्य रुपमा वुझाउनु पर्नेछ । सूरक्षा पोष्टमा ईन्ट्री नभएसम्म प्रवेशमा रोक लगाईनेछ र सो कार्य भए/नभएको समेत अनुगमन टोलीले अनुगमन गर्नेछ ।

(घ) व्यवसायीले वजार क्षेत्र भित्र गुणस्तरयुक्त कृषि वस्तु खरिद विक्रि गर्नु पर्नेछ ।

(ङ) ढुवानीका साधनहरु तोकिएको समयभन्दा अघि वा पछि आएमा कार्यकारी निर्देशकको आदेश लिएर मात्र वजार क्षेत्र भित्र प्रवेश गराउनु पर्नेछ । तोकिदिएको ठाउँमा मात्र पार्किङ्ग गर्नु र सामान उतार्नु पर्नेछ ।

(च) समितिले निर्धारण गरेको स्तर वमोजिमका प्याकिग गरिएका सामानहरु मात्र वजार प्रवेश गराउनु पर्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

(छ) समितिले तोके बमोजिम बजार क्षेत्र भित्र बिक्रीका लागि ल्याइने कृषि वस्तु र तोकिए बमोजिमका अन्य वस्तु, ढुवानी साधन र सवारी साधनमा तोकिए बमोजिमको प्रवेश शुल्क बुझाउनु पर्नेछ ।

(ज) तोकिए बमोजिमको स्थान बाहेक अन्य स्थानमा कुनै पनि कृषि वस्तु र तोकिए बमोजिमका अन्य वस्तु वा अन्य सामान राख्न, भण्डारण गर्न र थुपार्न पाइने छैन

(झ) समितिले तोकिदिएको बिक्रि गर्ने परिमाणको उल्लघंन गर्न पाइने छैन

(ञ) इजाजतपत्र प्राप्त ढुवानी मजदुरबाट मात्र बजार क्षेत्र भित्र कृषि वस्तुको ओसार पसार गर्ने कार्य गर्नु पर्नेछ ।

(ट) व्यवसायीको सहायक कर्मचारीहरुको तलब, भत्ता वा अन्य खर्च, नेपाल सरकारलाइ बुझाउनु पर्ने कर लगायत सम्पुर्ण खर्च व्यवसायी आफैंले व्यहोर्नु पर्नेछ ।

(ठ) व्यवसायीले कार्य संचालनका लागि लिएको भौतिक संरचना र समितिको अन्य सम्पत्ति धितो राख्ने वा जमानी राखी अन्य कुनै ऋण वा जमानत लिन पाइने छैन । समितिले व्यवसायीलाई उपलब्ध गराएको सम्पत्ति हिनामिना भएमा प्रचलित मूल्यको आधारमा समितिले निर्धारण गरे बमोजिमको रकम असुल उपर गरिनेछ ।

(ड) भाडामा संचालनको लागि लिएको स्टल वरिपरिको क्षेत्रको सर-सफाई संचालक स्वयंमले गर्नु पर्ने छ । संचालकले आफ्नो स्थानबाट निस्केको फोहोर समितिले तोकेको स्थानमा फ्याक्नु पर्नेछ । तर सिसा, प्लाष्टिक लगायतका नसड्ने खालको फोहोर छुट्टै जम्मा गर्नु पर्नेछ । नेपाल सरकारले प्रयोग गर्न नपाइने भनी समय समयमा जारी गरेको सूचना अनुरुपको प्लाष्टिक झोलाको प्रयोग गर्न पाइने छैन ।

(ढ) नियमानुसार तिर्नु पर्ने राजस्व रकम समय मै तिर्ने र कारोबारको स्पष्ट विवरण पेश गर्ने जिम्मेवारी सम्बन्धित व्यवसायीको हुनेछ । कर छलि, कर हिनामिना, नक्कली बील भौचर लगायतको कार्यको सम्पूर्ण जिम्मेवार व्यवसायी आफैं हुनेछ ।

(ण) नियम विपरित व्यवसाय संचालन गरेको पाइएमा तथा समितिको निर्देशन पालना नगरेमा, तोके बमोजिमको गुणस्तर र मूल्यमा सामान बिक्रि नगरेमा, तोके बाहेकको अन्य सामान बिक्री गर्नु हुदैन ।

(त) समितिले व्यवसायको लागि तोकिदिएको सम्झौतामा उल्लेख भएको क्षेत्रफल तथा सिमाकंन भन्दा बाहिर, सडक पेटी प्रयोग गरी कारोबार संचालन गर्नु हुँदैन ।

(थ) बिक्रि गर्ने प्रयोजनका लागि राखिएका बस्तु तथा अन्य सामानको सुरक्षा व्यवसायी स्वयंले गर्नु पर्नेछ ।

१५. <u>नियमित अनुगमन कार्यमा खटिने सम्बन्धी व्यवस्था:</u> (क) अनुगमन टोलीले आवश्यकता अनुसार जुनसुकै समयमा अनुगमन गर्न सक्नेछ ।

(ख) अनुगमन टोलीले सार्वजनीक बिदाको दिनमा समेत अनुगमन गर्न सक्नेछ ।

१६. <u>कार्यविधिमा संशोधन:</u> कार्यविधिमा समितिले आवश्यकता अनुसार संशोधन वा थप घट गर्न सक्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूचि-१
(दफा १३(ग) सँग सम्बन्धित)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कालिमाटी फलफूल तथा तरकारी वजार विकास समिति
कालीमाटी काठमाण्डौं

कालिमाटी फलफूल तथा तरकारी वजार विकास तथा संचालन नियमावली २०६०, सँग सम्बन्धित नियम कार्यान्वयन र बजार अनुगमन कार्यविधि २०७५ ले तोकेको बजार अनुगमन वा निरीक्षणको परीक्षण सूची

व्यवसायीको नामः—

पसल नं.:—

ठेगानाः—

| क्र.स. | परिक्षण सूची | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | ईजाजत प्राप्त व्यवसायी आफै उपस्थित | | | |
| २ | परिवारका सदस्य/सहयोगीको उपस्थिति | | | |
| ३ | अन्य ब्यक्तिले कारोवार गरेको भए नाम खुलाउने ............................................ | | | |
| ४ | ईजाजत प्राप्त व्यवसायीले परिचयपत्र लगाएको | | | |
| ५ | परिवारको सदस्य/सहयोगीले परिचयपत्र लगाएको | | | |
| ६ | परिवारको सदस्य/सहयोगीले परिचयपत्र लगाएको | | | |
| ७ | पसल स्टलमा व्यवसायीको परिचय खुल्ने वोर्डराखेको | | | |
| ८ | ड्रेसकोड परिपालना गरेका | | | |
| ९ | निर्धारित स्थानभित्र कारोवार गरेको | | | |
| १० | निर्धारित स्थान वरिपरि अन्यत्र समेत कारोवार गरेको | | | |
| ११ | ग्रेडिङ गरेको सामान विक्रि वितरण गरेको | | | |
| १२ | संकलित फोहर निर्धारित स्थानमा विर्सजन गरेको | | | |
| १३ | काम नलाग्ने वस्तु अन्य/दुरुपयोगकर्तालाई दिने गरेको | | | |
| १४ | मुल्य सूची राखेको | | | |
| १५ | मुल्य सूची अध्यावधिक गर्ने गरेको | | | |
| १६ | मुल्य सूची अनुसार बिलबिज जारी भएको | | | |
| १७ | न्यूनतम भन्दा कम परिमाणमा विक्रि वितरण गरेको | | | |
| १८ | लोडिङ्ग अनलोडिङ्ग निर्धारित स्थानमा गरेको | | | |
| १९ | सवारी/ढुवानी साधन पार्किङ्ग निर्धारित स्थानमा गरेको | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | अवस्था | राम्रो | सन्तोषजनक | नराम्रो | कैफियत |
|---|---|---|---|---|---|
| २० | स्टल सरसफाईको अवस्था | | | | |
| २१ | स्टल वरिपरि सरसफाईको अवस्था | | | | |
| २२ | व्यवसायीको व्यवहार | | | | |

बजार अनुगमन वा निरीक्षणको परीक्षण सूची बमोजिम नभएको वा कैफियत देखिएको विषयमा थप व्याख्या तथा पुष्ट्याई ।

| |
|---|
| |

माथी उल्लिखित ब्यहोरामा मेरो सहमती छ भनी दस्तखत गर्दछु ................................

ब्यबसायी वा ब्यबसायीको कर्मचारीको नामः—

दस्ताखतः................

सम्पर्क नं.....................

मितिः......................

बजार अनुगमन वा निरीक्षण टोलीका कर्मचारीहरुकोनाम र दस्तखत

निरीक्षण अधिकृत वा संयोजक

सदस्यः-

सदस्यः-

सदस्यः-

साक्षी,रोहवर

| | | |
|---|---|---|
| हस्ताक्षर............... | हस्ताक्षर............... | हस्ताक्षर............... |
| नाम................... | नाम................... | नाम................... |
| ठेगाना.................. | ठेगाना.................. | ठेगाना.................. |
| फोन नं. | फोन नं. | फोन नं |

अनुसूचि-२

## आवधिकरुपमा सम्पादन गर्नु पर्ने विविध अनुगमन सूचकहरु फाराम

| पसल नं. | व्यवसायीको नाम | १ | | २ | | ३ | | ४ | | ५ | | ६ | | ७ | | ८ | | ९ | | | १० | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामान खरिद विल वा चलानी प्रयोग गर्ने गरेको | | विक्रि कार्यमा विल विजक दिने गरेको | | दैनिक कारोवार विवरण/म्बथ घयपय राख्ने गरेको | | खरिद विक्रिको क्रममा चेक/वैकिङ्ग अभ्यास गर्ने गरेको | | विषादि परिक्षणमा सहयोग | | वजार आगमनको सूचना दिने गरेको | | सूचना संकलन कार्यमा सहयोगी | | वजार प्रवद्र्धनात्मक/ प्रदर्शनिमुलक कार्य गरेको | | स्तरीय वस्तुको कारोवार | | | वजार संरचना र सम्पत्तिको दुरुपयोग हुने कार्य गरेको | | |
| | | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | राम्रो | ठिकै | नराम्रो | छ | छैन | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

# अनुसूचि-३

(दफा १०(२) सँग सम्बन्धित)

मासिक कम्पाईलेसन फाराम

व्यवसायीको नामः

पसल नं.-

| मिति | १ | | २ | | ३ | | ४ | | ५ | | ६ | | ७ | | ८ | | ९ | | १० | | ११ | | १२ | | १३ | | १४ | | १५ | | १६ | | १७ | | १८ | | १९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ईजाजत प्रास व्यवसायी आफैं उपस्थित | | परिवारका सदस्य/सहयोगीको उपस्थिति | | ईजाजत प्रास व्यवसायीले परिचयपत्र लगाएको | | परिवारको सदस्य+ सहयोगीले परिचयपत्र लगाएको | | पसल स्टलमा व्यवसायिको परिचय खुल्ने बोर्ड राखेको | | ठेुसको परिपालना गरेको | | निर्धारित स्थानभित्र कारोवार गरेको | | निर्धारित स्थान बरिपरि अन्यत्र समेत कारोवार गरेको | | ग्रेडिङ गरेको सामान बिक्रि वितरण गरेको | | संकलित फोहर निर्धारित स्थानमा बिर्सजन गरेको | | काग नलाग्ने बस्तु अन्य+छाते लाई दिने गरेको | | मुल्य सूची राखेको | | मुल्य सूची अद्यावधिक गर्ने गरेको | | स्टल सरसफाईको अवस्था | | स्टल वरिपरि सरसफाईको अवस्था | | व्यवसायीको व्यवहार | | न्यूनतम भन्दा कम परिमाणमा बिक्रि वितरण गरेको | | सवारी+ढुवानी साधन पार्किङ्ग निर्धारित स्थानमा गरेको | | कैफियत |
| | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूचि-४

(दफा १४(ग) सँग सम्बन्धित)

कालीमाटी फलफूल तथा तरकारी वजार विकास समिति

कालीमाटी, काठमाण्डौ

## कृषि उपजहरुको वजार प्रवेशको विवरण

मितिः............/....../.........समयः..........................

आपूर्ति क्षेत्र - जिल्लाः.............................. गा.पा./न.पा.................................

देश.................................. स्थान/शहर..................................

आपूर्ति गर्ने कृषक/ स्थानियब्यबसायी/संकलनकर्ताको नामः....................................

खरिदकर्ता/इजाजत प्राप्त ब्यबसायीको नाम :..................................पसल नं :...............

| सि.नं. | कृषि उपजको नाम | जात/किसिम | परिमाण/संख्या | गुणक | कूल परिमाणके.जी. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटःवजार प्रवेशहुने उपजको चलानी बिल समेत संलग्न गर्न सकिनेछ ।

खरिद/बिक्री हुने मुल्य रुः...............वा किमिशनदरः ........प्रतिशत

विल न./चलानी नं.: .......................

ढुवानी साधन नम्बरः....................... किसिमः................

सूचना संकलन गर्ने कर्मचारीको नाम.......................................

दस्तखत.........................

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ